# सुन्तलाजात फलफूल बगैंचा धनीलाई मन्थली नगरपालिकाको अत्यन्त जरुरी सूचना।

देशको विभिन्न स्थानमा फलको रस चुसेर क्षति गर्ने **सुँडे पुतली**को प्रकोप देखिएको र हाम्रो क्षेत्रमा समेत फैलिन सक्ने उच्च सम्भावना रहेकोले सुन्तलाजात फलफूलका बगैंचा धनीहरुले विशेष सतर्कता अपनाउनु हुन अनुरोध छ।



वयस्क भाले पुतली

**मुख्य लक्षण र क्षतिः** यो पुतली रातिको समयमा सक्रिय भई पाक्न लागेका फलहरूमा प्वाल पारेर रस चुस्ने गर्दछ, जसले गर्दा फल पहेंलिने, कुहिने र काँचो अवस्थामै झर्ने समस्या देखिन्छ।



वयस्क पोथी पुतली




पुतलीको फूल



पुतलीको लार्भा

तस्वीर स्रोतः plantwiseplusknowledgebank





फलको भित्री र बाहिरी भागको क्षति

## फल चुस्ने मोथ (सुँडे पुतली) को व्यवस्थापनका उपायहरू

- **विषाणु प्रलोभन पासो (Poison Baiting):** पाकेको केरा वा भुइँकटहरका टुक्रामा थोरै सख्खर र मालाथियन (Malathion) विषादी मिसाएर चौडा मुख भएको भाँडोमा राखी बोटमा झुन्ड्याउने। अथवा १ केजी सखर + ६० एमएल भिनेगर + १० लिटर पानी + मालाथियनको मिश्रण बनाएर पासो थाप्ने।
- **जैविक विषादीको प्रयोगः** फल पाक्ने बेला रासायनिक विषादीले स्वास्थ्यमा असर गर्ने हुँदा नीमजन्य जैविक विषादी (Neem Oil / Azadirachtin) को प्रयोग गर्ने।
- **वैकल्पिक आश्रयदाता झारपात नष्ट गर्नेः** यस कीराका लार्भाहरू हुर्कने गुर्जो (*Tinospora cordifolia*) तथा Cocculus प्रजातिका लहरा र झारहरू बगैंचा वरपरबाट उखेलेर नष्ट गर्ने।
- **धुवाँ लगाउने (Smoke Repellant):** पुतलीहरू रातिको समयमा सक्रिय हुने भएकाले साँझपख बगैंचाको चारैतिर ओसिलो झारपात वा पतिङ्गर जलाएर हल्का धुवाँ पैदा गरी पुतली भगाउने।
- **झरेका फलको व्यवस्थापनः** कीरा लागेर भुइँमा झरेका वा कुहिएका फलहरूलाई तुरुन्त संकलन गरी गहिरो खाडल खनेर पुर्ने वा नष्ट गर्ने (यसले थप पुतली आकर्षित हुन पाउँदैनन्)।
- **फल झोलाले छोप्ने (Fruit Bagging):** सम्भव भएसम्म बोटमा रहेका फलहरूलाई मसिना प्वाल भएका प्लास्टिक वा सुतीका कपडाका थैलाले छोपेर सुरक्षित राख्ने।



फल छोप्न जाली

थप प्राविधिक सहयोगका लागि कृषि सेवा केन्द्र, नगरपालिकाको कृषि उपशाखा, कृषि तथा पशुपन्छी विकास कार्यालय वा जुनार जोन कार्यान्वयन एकाइ मन्थलीमा सम्पर्क गर्न सकिन्छ।